# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) सुर्खेत, फाल्गुण ०५ गते, २०७७ साल (अतिरिक्ताङ्क ८


## भाग १

### कर्णाली प्रदेश सरकार

### आन्तरिक मामिला तथा कानून मन्त्रालय

नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखबाट जारी भएको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**सम्वत् २०७७ सालको अध्यादेश नं. ०१**

**<u>प्रदेश लोक सेवा आयोग (दोस्रो संशोधन) ऐन, २०७५ लाई संशोधन गर्न बनेको अध्यादेश</u>**

**<u>प्रस्तावना</u>:** प्रदेश लोक सेवा आयोग ऐन,२०७५ लाई तत्काल संशोधन गर्न वाञ्छनीय भएको र हाल कर्णाली प्रदेश सभाको अधिवेशन नभएकोले,

नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखबाट यो अध्यादेश जारी भएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ:</u>** (१) यस अध्यादेशको नाम “प्रदेश लोक सेवा आयोग (दोस्रो संशोधन) अध्यादेश, २०७७” रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>प्रदेश लोक सेवा आयोग ऐन, २०७५ को दफा ३ मा संशोधन</u>:** प्रदेश लोक सेवा आयोग ऐन, २०७५ (यस पछि "मूल ऐन" भनिएको) को दफा ३ को उपदफा (८) पछि देहायको उपदफा (९) थपिएको छः-

"(९) अध्यक्षले प्रदेश प्रमुख समक्ष र सदस्यले अध्यक्ष समक्ष आफ्नो कार्यभार सम्हाल्नु अघि अनुसूची-१ बमोजिमको ढाँचामा पद तथा गोपनियताको सपथ लिनुपर्नेछ ।"

३.**<u>मूल ऐनको अनुसूचीमा संशोधन</u>**: मूल ऐनको दफा ३ को उपदफा (९) सँग सम्बन्धित अनुसूची-१ थपिएको छः-

"अनुसूची-१

दफा ३ को उपदफा (९) सँग सम्बन्धित

म ....................................... मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु/ईश्वरको नामा सपथ लिन्छु की नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण वफादार रहँदै प्रदेश लोक सेवा आयोगको अध्यक्ष/सदस्यको जिम्मेवारी मुलुक र जनताको सोझो चिताइ, कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारिताका साथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलिसलामा आफूलाई जानकारीमा आएको गोप्य राख्नु पर्ने कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा संकेत गर्ने छैन् ।

मिति :

.................

हस्ताक्षर"

**आज्ञाले,**

तुल बहादुर खड्का

प्रदेश सरकारको निमित्त सचिव

**आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित**